# नेपाली महावाणिज्यदूतावास
## डालस
# Consulate General of Nepal
## Dallas

**<u>महावाणिज्यदूतावासको सेवा प्रवाह प्रारम्भ हुनेसम्बन्धी सूचना</u>**

यस महावाणिज्यदूतावाबाट सेवा प्रवाह प्रारम्भ गर्ने तयारी अन्तिम चरणमा पुगेको बेहोरा यहाँहरू सबैलाई जानकारी गराउँदछौं ।

महावाणिज्यदूतावासबाट भोली मिति **२०८२ असोज २४ गते शुक्रबार तदनुसार अक्टोबर १०, २०२५ देखि राहदानी आवेदन, अधिकृत वारेशनामा, कन्सुलर प्रमाणीकरण, एकतर्फी यात्रा अनुमतिपत्र लगायतका सेवाहरू प्रदान गर्न शुरू गरिनेछ** ।

भिसा र गैरआवासीय नेपाली परिचयपत्रसम्बन्धी कामकारबाहीका लागि सम्बन्धित निकायहरूसँग समन्वय भैरहेको हुँदा आवश्यक तयारी पुरा भएपश्चात् ती सेवाहरू शुरू हुने मिति जानकारी गराइनेछ ।

महावाणिज्यदूतावासमा भर्खरै जडान गरिएको **राहदानी आवेदन संकलन प्रणाली (ePassport Application System) केही समय परीक्षणकै चरणमा रहने र बेलाबेलामा प्राविधिक समस्यासमेत देखा पर्नसक्ने हुँदा शुरुका केही हप्ता दैनिक सानो संख्यामा मात्र राहदानी आवेदन खुल्ला गरिनेछ** । प्रणालीले राम्ररी काम गर्न थालेपछि दैनिक आवेदन कोटा आवश्यकता अनुसार बढाउँदै लगिनेछ।

**तसर्थ, शुरूका केही दिनका लागि राहदानीको म्याद समाप्त भइसकेका र अत्यन्त जरूरी परेका सेवाग्राहीले मात्र आवेदन फाराम भर्नुहुन अनुरोध गर्दछौं** ।

यस महावाणिज्यदूतावासबाट प्रदान गरिने सेवाहरूसम्बन्धी आवश्यक जानकारी महावाणिज्यदूतावासको फेसबुक पेजमा उल्लेख गरिएको छ । महावाणिज्यदूतावासको आधिकारिक वेवसाइट केही दिनभित्रै सार्वजनिक गरिने र उक्त वेवसाइटमा महावाणिज्यदूतावासको सेवाहरूसम्बन्धी जानकारी विस्तृतरूपमा उपलब्ध गराइने ब्यहोरा समेत अनुरोध गर्दछौं ।

यस महावाणिज्यदूतावासको ठेगाना एवं सम्पर्क इमेल देहायबमोजिम रहेको छः

**Consulate General of Nepal**

**1230 River Bend Drive, Suite 220**

**Dallas, TX 75247**

Email: **info@nepalconsulatedallas.org**

२०८२ असोज २३ गते बिहीबार

(अक्टोबर ९, २०२५)